तानसेन नगरपालिका
तानसेन नगरकार्यपालिकाको कार्यालय
तानसेन पाल्पा
लुम्बिनी प्रदेश

तानसेन नगरकार्यपालिका तानसेन पाल्पाको मेला महोत्सव संचालन सम्बन्धी बोलपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०८।०४

तानसेन नगरपालिकाको आन्तरिक आय तथा (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ३ बमोजिम तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडिखेल मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन गर्न चाहने मू.अ .कर र आयकर दर्ता प्रमाणपत्र प्राप्त संघ संस्था/फर्म/कम्पनीहरुको लागि २१ दिनको म्याद राखि यो बोलपत्र आव्हानको सुचना प्रकाशन गरिएको छ । योग्य, ईच्छुक संघ संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र रित पुर्वक www.bolpatra.gov.np बाट पेश गर्नु हुन अनुरोध छ ।

आय ठेक्का नं.	ठेक्का विवरण	न्यूनतम ठेक्का अंक भ्याट बाहेक	बोलपत्र दाखिला गर्ने मिति	फाराम दस्तुर	फाराम खोलिने मिति समय र स्थान	कैफियत
Tmo/IR/01/2083-84	तानसेन नगरपालिका वडा नं. ६ मा पर्ने टुडिखेल मैदानको निर्धारित क्षेत्र भित्र मेला महोत्सव सञ्चालन	८८४९५५८.०० अठासी लाख उनन्पचास हजार पाच सय अन्ठाउन्न मात्र	२०८३/०८/२४ गते	३,०००	२०८३/०८/२५ गते दिउसो १ बजे	www.bolpatra.gov.np बाट पेश भएको बोलपत्र मात्र मान्य हुनेछ ।

शर्तहरुः-

१. बोलपत्र खरिदका लागि यस कार्यालयको राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको तानसेन नगरपालिका कार्यलय कोड नम्बर 801055001 खाताको नामः TANSEN NA.PA.(GA-1-1)-AANTARIK RAJS खाता नम्बर 3030100301010004 मा राजस्व शीर्षक 14229 मा जम्मा गरी www.bolpatra.gov.np बाट download गर्न सकिनेछ ।

२. फर्मको स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८३/८४ को मान्य अर्वाध भएको नविकरण इजातजत पत्रको प्रतिलिपि, मुल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि र आर्थिक वर्ष २०८२/८३ को करचुक्ता प्रमाणपत्र (म्याद थप) को प्रतिलिपि सहित बोलपत्र पेश गर्नु पर्नेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

३. बोलपत्र पेश गदा कानूनी रुपमा भाग लिन पाउनेअधिकार सहितको स्वयं घोषणा पत्र वा अधिकार प्रत्यायोजनको पत्र समावेश हुनु पर्नेछ ।

४. बोलपत्र प्रस्तावसाथ आफूले कबोल गरेको अंकको ५ प्रतिशत रकम धरौटी वापत यस कार्यालयको राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड पाल्पा शाखामा रहेको धरौटी खाता नं 3030100303000004 GA3 मा जम्मा भएको सक्कल भौचर पेश गर्नु पर्नेछ वा १२० दिनको म्याद भएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क बर्गको वाणिज्य बैङ्कबाट जारि भएको ग्यारेन्टी पेश गर्नुपर्नेछ।

५. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

६. बोलपत्र खोल्ने दिन बोलपत्र दाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ, उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७. वोलपत्र स्वीकृत भई सम्झौतामा हस्ताक्षर भए पश्चात् चलन चल्ती गर्ने जिम्मा वोलपत्रदाताको हुनेछ। मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक विद्युत, पानी, सरसफाई खर्चहरु बोलपत्रदाता आफैले व्यहोर्नु पर्नेछ।

८. सम्झौता गर्न आउँदा ठेक्का वापतको कबोल रकम एकमुष्ठ अग्रीम बुझाएमा ५ प्रतिशत छुट दिइनेछ। कबोल रकम ५० प्रतिशत एकमुष्ठ जम्मा गरी बाँकी ५० प्रतिशत रकम बराबर ९० दिनको म्याद भएको बैङ्क ग्यारेन्टी पेश गर्न सकिनेछ ।

९. ठेक्का सम्झौता भई भोगचलन गरेपछि कुनै किसिमको मिनाहा छुट दिईने छैन ।

१०. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहने छ ।

११. ठेक्का अवधि कार्यादेश पाएको मिति देखि मेला/महोत्सव सञ्चालनको अवधि सम्मको लागि मात्र हुनेछ ।

१२. माथि उल्लेखित वाहेकका विषयमा प्रचलित कानून नगरपालिकाको कानुन वा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१३. विस्तृत जानकारीको लागि तानसेन नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश
तानसेन नगरकार्यपालिकाको कार्यालय,
तानसेन पाल्पाको

बोलपत्र फारम

आ.ब २०८३/८४

बोलपत्रको नाम :
टुडिखेल मैदान मेला /मेला महोत्सव संचालन तथा व्यवस्थापन

ठेक्का नं :
TMO/IR/01/2083-84

शर्तहरु

(क) मेला महोत्सबमा हुने सम्पूर्ण खर्चको जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

(ख) मेला महोत्सव संचालन गर्दा टुडीखेल मैदानको दुबो संरक्षित क्षेत्रमा कुनै पनि गतिविधि गर्न पाईने छैन।

(ग) मेला महोत्सव सचालन गर्दा टुडीखेल मैदानमा रहेका कुनै पनि संरचनाहरु भत्काउन काम गर्न पाईने छैन ।

(घ) मेला महोत्सव संचालन पश्चात् टुडीखेल मैदानको अवस्था दुरुस्त हुनु पर्नेछ ।

(ङ) मेला महोत्सव संचालनका दौरानमा टुडीखेल मैदानका संरचनाहरुमा कुनै टुटफुट हानी नोक्सानी भएमा त्यसको मर्मतको जिम्मेवारी बोलपत्र दाताको हुनेछ ।

(च) मेला महोत्सवमा आवश्यक पर्ने विद्युत, पानी, सरसफाई, सुरक्षाको जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

(छ) मेला महोत्सव स्थलमा कानुनद्वारा निषेधित वस्तुको कारोवार गर्न गराउन पाईने छैन ।

(ज) मेला महोत्सव स्थलमा जुवा, तास, मदिरा निषेधित हुनु पर्नेछ ।

(झ) प्रवेश शुल्क र स्टलभाडा नगरपालिकाले तोकेको दर भन्दा अधिकतम् हुने गरी सकलन गर्न पाईने छैन र प्रवेश टिकट तथा स्टलभाडा रसिद नगरपालिकाबाट प्रमाणित गराई प्रयोगमा ल्याउनु पर्नेछ ।

(ञ)मेला महोत्सव भर्न आउने आगन्तुकहरुको सुविधाको लागि सःशुल्क पार्किङ्ग व्यवस्थापन गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ । नगरपालिकाको आर्थिक ऐन २०८३ मा उल्लेखित दर भन्दा बढी पार्किङ्ग शुल्क संकलन गर्न पाइने छैन ।

(ट) स्टल व्यवस्थापन गर्दा कम्तिमा ३० वटा स्टल स्थानीय कृषि, पशु, कुटिर उद्योग, शिक्षा, स्वास्थ्य, शिक्षाको लागि निशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(ठ) मेला महोत्सवको उद्घाटन र समापन कार्यक्रम तथा मेला महोत्सव अवधिको लागि अतिथि, कलाकार, बालउद्यान, साउण्ड सिस्टम, वाद्यवादन, कार्यक्रम स्थलको सौन्दर्यकरण लगायतका कार्यहरुको व्यवस्थापनको जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

(ड)मेला महोत्सव अवधिमा प्रयोग हुने शौचालयको सरसफाई र त्यसको व्यवस्थापन बोलपत्र दाताको हुनेछ ।

(ढ) स्टल भाडा रकम अधिकतम् दर,

(१) होटल तथा रेष्टुरेण्ट रु. ३५,०००।

(२) व्यापारिक स्टल रु. २५,०००।

(३) स्थानीय उत्पादनका व्यापारिक स्टल रु. १६,०००।

(४) स्थानीय कृषि, पशु, कुटिर उद्योग, घरेलु उद्योग प्रदर्शनी निशुल्क ।

(ण) प्रवेश टिकट दर

(१) साधारण प्रवेश टिकट रु.७५।

(२) विद्यार्थी प्रवेश टिकट रु. ५०।

(३) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र ५ बर्ष मुनिका बालबालिका निशुल्क

(त) मेलाको अवधि र समय लगाएत अन्य कुराहरु सम्झौता पत्रमा उल्लेख गरिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ तिवारी
प्रमुख प्रशासकीय अधिकृत

लुम्बिनी प्रदेश

तानसेन नगरकार्यपालिकाको कार्यालय,

तानसेन पाल्पाको

बोलपत्र फारम BOQ

टुडिखेल मैदान मेला /मेला महोत्सव संचालन तथा व्यवस्थापन

ठेक्का नं : TMO/IR/01/2083-84

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

क्र.स	ठेक्काको विवरण	न्युनतम ठेक्का अङ्क	कबोल अंक		कैफियत
			अंकमा	अक्षरमा	
१	टुडिखेल मैदान मेला /मेला महोत्सव संचालन तथा व्यवस्थापन	८८४९५५८			
	मु अ क १३ प्रतिशत	११५०४४२			
	कुल जम्मा	१००००००			

माथि उल्लेख भएको विवरणमा म सहमत छु झुठ्ठा ठहरेमा काननु बमोजिम सहुला बुँझाउला

बोलपत्र पेश गर्नेको हस्ताक्षर

नाम :

ठेगाना :

सम्पर्क नं :

मिति:

छाप